# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली

<u>सरकारी ऋणपत्रको कारोवार गर्ने बजार निर्मातालाई तोकिएका शर्तहरु:</u>

राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण नियमावली, २०५९ अन्तर्गत निष्कासित नेपाल सरकारको ऋणपत्रको खरिद बिक्री गर्न यस बैंकबाट इजाजत प्राप्त गरेका बजार निर्माताले सम्बन्धित ऐन र नियममा तोकिएका शर्तहरुको अतिरिक्त देहायका शर्तहरु पालना गरी कारोवार गर्न पर्नेछ ।

१. बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको र दैनिक खरिद बिक्री गरेको ऋणपत्रहरुको विवरण कारोवार भएकै दिन संलग्न अनुसूची ६ (क) बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथलीमा फ्याक्स वा अन्य छिटो साधनबाट पठाउनु पर्नेछ । कारोवारको मासिक विवरण अनुसूची ६(ख) बमोजिम महिना समाप्त भएको सात दिन भित्र यस विभागमा पठाउनु पर्नेछ ।

२. बजार निर्माताले खरीद गरेको ऋणपत्र र सो को व्याज भुक्तानी पुर्जा आफ्नो विशेष खातामा राख्नको लागि खरीद गरेको मितिले ३ दिनभित्र नेपाल राष्ट्र बैंकमा दाखिला गरी सक्नु पर्नेछ । म्यादभित्र दाखिला नगरेमा बजार निर्माताले खरीद गरेको मितिदेखि नै उक्त ऋणपत्रमा पाउने व्याजदरमा २ प्रतिशतका दरले थप व्याज हर्जाना स्वरुप यस बैंकलाई बुझाउनु पर्नेछ ।

३. बजार निर्माताले आफ्नो संस्थाको चुक्ता पुँजीको ५ प्रतिशतसम्म सरकारी ऋणपत्रको मौज्दात बजार निर्माण कार्यको लागि आफ्नो स्वामित्वमा राख्न पाउने छन् । सो मौज्दात बाँकी रहेसम्म ग्राहकहरुले माग गरेको बखत तुरुन्त बिक्री गर्नु पर्नेछ । चुक्ता पुँजीको ५ प्रतिशत भन्दा बढी मौज्दात स्वामित्वमा रहेमा उक्त बढी भएको रकमको ऋणपत्र यस बैंकलाई ३ दिन भित्रमा बिक्री गर्नु पर्नेछ । यसरी ३ दिनभित्र बिक्री नगरेमा दफा २ मा उल्लेखित हर्जाना दरमा थप १ प्रतिशत व्याज हर्जाना लाग्नेछ ।

४. दफा ३ बमोजिमको ऋणपत्र यस बैंकलाई बिक्री गर्दा कार्यालय खुलेको दिनको ११:३० बजेभित्र पत्र दर्ता गरी यस बैंकलाई बिक्री गरी सक्नु पर्नेछ । अन्यथा ११:३० बजेपछि प्राप्त भएको ऋणपत्रको कारोवारको हिसाव भोलिपल्ट मात्र प्राप्त भएको मानी सोही बमोजिम कारवाही गरिने छ ।

५. सरकारी ऋणपत्रहरुको खरीद बिक्री कारोवारको हिसाव कारोवार भएकै दिन हिसाव मिलान गरी सक्नु पर्नेछ ।

६. सरकारी ऋणपत्र खरीद बिक्री कारोवारको हिसाव छुट्टै राख्नु पर्नेछ, अन्य हिसावसँग मिलाएर राख्न पाइने छैन । यसरी राखिएको हिसाव किताव नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण

व्यवस्थापन विभाग वा यस बैंकको अधिकार प्राप्त निकायले कुनै पनि समयमा निरीक्षण गर्न सक्नेछ ।

७. बजार निर्माताले यस बैंकको विशेष खातामा आफ्नो स्वामित्वमा रहेको ऋणपत्रको मौज्दात भन्दा बढी हुने गरी ऋणपत्र ग्राहकलाई बिक्री गर्न पाउने छैन ।

८. बजार निर्माण कार्यको लागि संस्थासँग रहेको ऋणपत्र यस विभागमा खोलिएको संस्थाको विशेष खातामा राखिने छ । दैनिक किनबेचबाट भएको हेरफेरको हिसाव मिलान यसै खाताबाट गरिने छ । कुनै ऋणपत्र धनीले बिक्री गरेको ऋणपत्र यस विभागमा रहेको विशेष खातामा राख्न नपठाई सोझै अन्य ग्राहकलाई बिक्री गर्न पाइने छैन । बजार निमार्ताहरुले आफ्नो विशेष खाताबाट ग्राहकलाई ऋणपत्र बिक्री गर्नु परेमा अनुसूची ४ र अनुसूची ५ बमोजिमको फाराम भरी तथा भर्न लगाई “बचतपत्र खरीद गर्न आउँदा अपनाउनु पर्ने प्रक्रिया” को फाराम भरी खरीदकर्ताको नागरिकताको प्रमाण पत्रको छविचित्र संलग्न गरी राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

९. बजार निर्माताले वचतपत्र खरिद गर्नु पर्दा सो ऋणपत्र आफ्नो नाममा दरपीठ गरी अनुसूची २(क) वा अनुसूची २(ख) र अनुसूची ३ बमोजिमको फारामका साथै “बचतपत्र बेच्न आउँदा अपनाउनु पर्ने प्रक्रिया” को फाराम भरी राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । अनुसूची २(ख) बमोजिम खरिद भएको ऋणपत्र भए बिक्रेताको नागरिकताको प्रमाणपत्रको छविचित्र समेत पेश गर्नु पर्नेछ ।

१०. नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागवाट प्राथमिक निष्कासनको समयमा संस्थाहरुले मात्र खरिद गर्न सक्ने गरी निष्काशन भएका तथा संस्थाको नाममा प्रमाणपत्र बनेका नेपाल सरकारको ऋणपत्र मात्र बैंक तथा वित्तीय कम्पनीहरुले खरिद गरी आफ्नो नाममा नामसारी गर्न पाउने छन् । यसरी खरिद गरेको जानकारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ । यस विभागले व्यक्तिका लागि मात्र निष्कासन गरेका ऋणपत्र र व्यक्तिको नाममा प्रमाणपत्र वनेका ऋणपत्र बैंक तथा वित्त कम्पनीले आफ्नो स्वामित्वमा रहने गरी खरिद गर्न र आफ्नो नाममा नामसारी गर्न पाइने छैन । निश्चित क्षेत्र, समूह तथा उप समूह बीच मात्र खरिदबिक्री हुने गरी निष्कासन भएका ऋणपत्रहरु बजार निर्माताले खरिद मात्र गर्न सक्नेछन् । यस्ता ऋणपत्रहरु बिक्रीको लागि यस विभागबाट इजाजत लिनु पर्नेछ ।

११. संस्थावाट खरिद गरी आफ्नो विशेष खातामा जम्मा गरेको रकम अन्य संस्थालाई बिक्री गर्नु पर्दाको अवस्थामा सो रकम कुन संस्थावाट कुन ऋणपत्र कुन मितिमा खरिद गरेको हो सोको स्पष्ट विवरण भरी नियमानुसार यस विभागमा पठाउनु पर्नेछ । सो विवरण नियमानुसार रहेको खण्डमा मात्र यस विभागवाट संस्थाको नाममा प्रमाणपत्र उपलव्ध गराइने छ ।

१२. बिक्री गर्न ल्याएको जुनसुकै ब्याजदर र जतिसुकै रकमको ऋणपत्र बजार निर्माताले खरीद गर्नु पर्नेछ । बजार निर्माताले आफ्नो स्वामित्वमा भएको सरकारी ऋणपत्रको विस्तृत विवरण (ऋणपत्रको किसिम, ब्याज प्रतिशत भुक्तानी मिति आर्जित ब्याजमा ब्याजकर लाग्ने वा नलाग्ने आदि) सबैले देख्ने गरी आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१३. बुँदा नं. ३ बमोजिम बजार निर्माताको स्वामित्वमा भएको ऋणपत्र ग्राहकहरुबाट माग भएमा जुनसुकै व्याजदर र जतिसुकै रकमको भएता पनि तुरुन्त बिक्री गर्नु पर्नेछ । माग भइरहेको ऋणपत्रहरु बिक्री नगरी आफ्नो स्वामित्वमा राखी राख्न पाइने छैन । त्यस्तो कार्य गरेको जानकारी प्राप्त भएमा बजार निर्माताको इजाजत प्रमाणपत्र रद्द गर्न समेत यस विभागले सक्नेछ ।

१४. ऋणपत्रको खरिद बिक्री गर्दा बजार निर्माताले लिने कमिशनको दर धितोपत्र कारोवार नियमावली, २०५० (दोस्रो संशोधन सहित) को नियम ३६ अनुसूची १६ मा उल्लेख भए बमोजिम हुनेछ । जसलाई यसै शर्तको अनुसूची १ मा उल्लेख गरिएको छ । ग्राहकसँगको आपसी समझदारीको आधारमा बजार निर्माताले अनुसूची १ मा तोकिएको भन्दा कम दरमा कारोवार गर्न सक्नेछन् तर तोकिएको दरभन्दा बढी दरमा कमिशन ग्राहकसँग लिन पाउने छैनन् ।

१५. नेपाल राष्ट्र बैंकले कारोवार गर्न दिएको अख्तियारीको म्याद भन्दा अगावै बजार निर्माताले ऋणपत्रको कारोवार वन्द गर्न चाहेमा १५ दिन अगावै नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागलाई जानकारी दिई पूर्व स्वीकृति लिनु पर्नेछ र कारोवार बन्द गर्नु अगावै आफुसँग भएको सम्पूर्ण ऋणपत्र नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागलाई हस्तान्तरण गर्नु पर्नेछ ।

१६. ऋणपत्र खरीद बिक्री गर्ने सम्बन्धमा ग्राहक र बजार निर्माताको बीचमा कुनै विवाद उठेमा सो विवाद उपर नेपाल राष्ट्र बैंकबाट गरिएको निर्णय दुवै पक्षले बाध्यात्मक रुपमा पालना गर्नु पर्नेछ ।

१७. बजार निर्माताहरुले खरीद गरेको विभिन्न ऋणपत्रहरु यस विभागमा रहेको आफ्नो विशेष खातामा जम्मा गर्न पठाउँदा सो ऋणपत्रहरुको साँवा बराबर हुने रकम सर्वप्रथम जम्मा गरिने छ । त्यसरी जम्मा भइसकेपछि मात्र बजार निर्माताहरुले आफ्नो विशेष खातामा रहेको रकमबाट पटक पटक अन्य ऋणपत्र खरीदकर्तालाई सोहि खाता खर्च हुने गरी बिक्री गर्न सक्नेछन् । यसरी बिक्री गरी आफ्नो विशेष खातामा मौज्दात बाँकी भएको ऋणपत्रको व्याज पाक्ने समय भएको भए किस्ता खुलाई सोको व्याज यस विभागसँग माग गर्नु पर्नेछ ।

१८. बजार निर्माताहरुले आफ्नो विशेष खातामा चुक्ता पुँजीको ५ प्रतिशत भन्दा वढी रकम जम्मा भएमा यस विभागलाई खरीद गर्न अनुरोध गर्नु पर्नेछ । विभागले यसरी विशेष खातावाट खरीद गरेको ऋणपत्रको साँवा तथा व्याज रकम (व्याजमा नियमानुसार करकट्टी गर्नु पर्ने भए कट्टा गरी) सम्वन्धित संस्थाको बैंकिङ्ग कार्यालय वा जिल्लास्थित कार्यालयमा रहेको खातामा जम्मा गरी सोको जानकारी सम्वन्धित संस्थालाई दिइने छ । साथै बजार निर्माताले आफ्नो विशेष खातामा चुक्ता पुँजीको ५ प्रतिशत भन्दा कम रकमको ऋणपत्र मौज्दात भएको अवस्थामा पनि यस विभागलाई ऋणपत्र खरिद गरी दिन अनुरोध गर्न सक्ने छन् । यस्तो अनुरोध आएमा विभागले ऋणपत्र खरिद गरी दिनेछ ।

१९. बजार निर्माताहरुले कुनै पनि ऋणपत्र खरिद गर्दा ऋणपत्रको धनीलाई पाकेको पुरै व्याज लिन लगाएर मात्र खरिद गर्नु पर्नेछ ।

२०. बजार निर्माताले ऋणपत्रमा भएको धनीको दस्तखत भिडाई सो दस्तखत यकीन भएपछि मात्र खरिद गर्नु पर्नेछ । कुनै पनि पहिलो नाममा निष्कासित (खुला दस्तखत भएको बाहेक) ऋणपत्रहरु बजार निर्माताले खरीद गर्नु परेमा सो ऋणपत्रको पृष्ठ भागमा यस विभागवाट धनीको दस्तखत प्रमाणित गर्नु पर्ने स्थानमा प्रमाणित भएको ऋणपत्र मात्र खरीद गर्नु पर्नेछ । त्यस्तो प्रमाणित नभएको ऋणपत्र खरिद गरी त्यसबाट कुनै किसिमको विवाद उत्पन्न भएमा त्यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी बजार निर्माताको हुनेछ ।

२१. बजार निर्माताको इजाजत प्राप्त गरेका संस्थाले त्यस्तो इजाजत पत्र आगामी आर्थिक वर्षको लागि नविकरण गर्नु परेमा चालु आर्थिक वर्ष समाप्त हुने मितिले ३५ दिन अगावै रू.१००।०० (रु.एक सय मात्र) नविकरण दस्तुर वापत नाफा नोक्सान आम्दानी (फुटकर) हिसाबमा जम्मा गरेको सक्कल भौचर र विभागले तोकेका अन्य कागजात सहित यस विभागमा निवेदन दिनु पर्नेछ । उक्त समयावधि भित्र नविकरणको लागि निवेदन नगर्ने बजार निर्माताहरुले थप सात दिन सम्मका लागि रु.१,०००।०० (रु.एक हजार मात्र) थप दस्तुर बुझाई निवेदन दिन सक्नेछन् । यसरी थप म्याद भित्र समेत नविकरणको लागि निवेदन प्राप्त नभएमा बजार निर्माताको इजाजत स्वत रद्द भएको मानिनेछ । रीतपूर्वक निवेदन प्राप्त भएता पनि बजार निर्माताको इजाजत प्राप्त संस्थाले चालु आर्थिक वर्षमा बजार निर्माण कार्य सन्तोषजनक रुपमा गरेको नपाइएमा त्यस्ता बजार निर्माताहरुलाई आगामी आर्थिक वर्षको लागि बजार निर्माताको इजाजत नदिन पनि सकिनेछ । यसरी बजार निर्माताको इजाजत रद्द भएका र नविकरण नगरिएका संस्थाको यस विभागमा भएको विशेष खातामा सरकारी ऋणपत्रहरुको मौज्दात बाँकी भएमा बैंकले खरीद गरी सो वापतको हुने साँवा तथा व्याज वापतको रकम फिर्ता दिनेछ । नयाँ संस्थालाई वजार निर्माताको इजाजतपत्र दिने सम्बन्धमा यस विभागबाट प्रकाशित सूचना बमोजिम हुनेछ ।

२२. रू. एक करोड वा सो भन्दा बढी रकमको चुक्ता पुंजी भएका बजार निर्माताहरुले हरेक निष्कासनको प्राथमिक बजारमा जतिसुकै रकमको पनि कारोवार गर्न सक्नेछन् । तर रु. एक करोड भन्दा कम चुक्ता पुंजी भएका बजार निर्माताले प्रत्येक निष्कासनमा आफ्नो चुक्ता पुंजीको चार गुणाभन्दा बढी रकम प्राथमिक निष्कासनमा संकलन गर्न सक्ने छैनन् ।

२३. प्राथमिक निष्कासनमा व्यक्तिहरुबाट संकलन भएको रकम सोही दिन अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा जम्मा गर्नु पर्नेछ साथै सोही दिन दरखास्त फाराम र भौचर वा रकम जम्मा गरेको विवरण सहितको जानकारी यस विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ । ऋणपत्र खरीद गर्ने फाराम तथा भौचरको तोकिएको महलमा बजार निर्माताको छाप र आधिकारीक दस्तखत अनिवार्य रुपमा भएको हुनु पर्नेछ ।

२४. बजार निर्माताहरुले आफुलाई पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैंकमा कारोबार संचालनको लागि अनिवार्य रुपमा खाता खोल्नु पर्नेछ । साथै ऋणपत्रको कारोवार गर्दा संस्थाको तर्फवाट कारोवार संचालन गर्न अधिकार प्राप्त कम्तीमा दुईजना कर्मचारीको हस्ताक्षर नमूना कार्ड भरी यस विभागमा पठाउनु पर्नेछ । यदि यस्ता कर्मचारीहरु परिवर्तन भएमा नयाँ दस्तखत नमूना कार्ड भरी सो को जानकारी तुरुन्तै यस विभागलाई दिनु

पर्नेछ । नयाँ हस्ताक्षर नमूना कार्ड प्राप्त भए पछि पूर्व नमूना कार्ड स्वत: रद्द भएको मानिनेछ ।

२५. बजार निर्माताले पालना गर्नु पर्ने शर्तहरु नेपाल राष्ट्र बैंकले समय समयमा थपघट गर्न सक्नेछ । यसरी थपघट गरिएका शर्तहरु बजार निर्माताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ र बजार निर्माताहरुले पालना गर्नु पर्ने यस शर्तहरुको उलङ्घन गरेको पाइएमा नेपाल राष्ट्र बैंकले जुनसुकै समयमा पनि बजार निर्माताको इजाजत पत्र रद्द गर्न सक्नेछ ।

□ □ □

## अनूसुची-१

बजार निर्माताले दोश्रो बजार कारोवार गरे वापत ग्राहकसँग लिन पाउने कमिशन दर

| रकम | कमिशन |
|---|---|
| रु.१,००,०००।०० | ०.५० |
| रु.१,००,१००।०० देखि रु.५,००,०००।०० | ०.४० |
| रु.५,००,१००।०० देखि रु.१०,००,०००।०० | ०.३० |
| रु.१०,००,१००।०० देखि रु.५०,००,०००।०० | ०.२० |
| रु.५०,००,१००।०० देखि माथि | ०.१० |

अनूसुची–२(क)

मिति: २०   /   /

(ग्राहकले ऋणपत्रको पूरै अंकित मुल्य बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

बिषय: नामसारी गरी दिने बारे ।

महाशय,

मेरो/हाम्रो स्वामित्वमा रहेको रु........................... को नेपाल सरकारद्वारा निष्कासित क्रमसंख्या ................. देखि ...................... सम्मको ................. प्रतिशत विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र स्टक/प्रमिशरी नोट थान ...... र त्यसमा मिति ........................... सम्म दिन ......... को व्याज लिई मैले/हामीले ..............................................लाई बिक्री गरी दिएकोले उक्त ऋणपत्र स्टक/प्रमिशरी नोटहरु मिति .................. देखि उक्त कम्पनीको नाममा नामसारी गरी दिनू हून अनूरोध गर्दछु ।

भवदीय,

नागरिकता नं.....................
जिल्ला..............................

दस्तखत:
नाम:
ठेगाना:
संस्था भएमा संस्थाको छाप:

.............................................................................................................

प.सं.
च.नं.

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरीद गरेकोले यस कम्पनीको त्यस बैंक स्थित विशेष खातामा राखी दिनू हून उक्त ऋणपत्र/स्टक/प्रमिशरी नोट र सोको व्याज भूक्तानी पूर्जा क्रमसंख्या ............. देखि ................ सम्म थान ........ यसैसाथ संलग्न गरी पठाइएको छ ।

नत्थी: १) ऋणपत्र थान .............
२) ऐ. को व्याज भूक्तानी पूर्जा थान ........ नाम:
३) नामसारी दस्तूर रु.१।- को टिकट दस्तखत:

मिति: कम्पनीको छाप:

## अनूसुची - २(ख)

मिति: २०  /  /

(ग्राहकले ऋणपत्रको अंकित मुल्यभन्दा घटी बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

बिषय: नामसारी गरी दिने बारे ।

महाशय,

मेरो/हाम्रो स्वामित्वमा रहेको नेपाल सरकारद्वारा निष्कासित क्रमसंख्या ................. देखि ...................... सम्मको ................ प्रतिशत विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र स्टक/प्रमिशरी नोट थान ....... को रु..................।- मध्ये रु. ...................।- र त्यसमा मिति ......................... सम्म दिन .......... को व्याज लिई मैले/हामीले ......................................... लाई बिक्री गरी दिएकोले उक्त ऋणपत्र स्टक/प्रमिसरी नोटहरु मिति ................. देखि उक्त कम्पनीको नाममा नामसारी गरी दिनु हुन अनूरोध गर्दछु । साथै बाँकी रु. ............................।- को नयाँ बचतपत्र मेरो/हाम्रो नाममा बनाई पठाई दिनु हुन समेत अनुरोध गर्दछु ।

नागरिकता नं..............
जिल्ला.....................

भवदीय,

दस्तखत:
नाम
ठेगाना:
संस्था भएमा संस्थाको छाप:

.......................................................................................................................................

प.सं.
च.नं.

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरीद गरेकोले यस कम्पनीको त्यस बैंक स्थित विशेष खातामा राखी दिनू हून उक्त ऋणपत्र स्टक/प्रमिशरी नोट र सोको व्याज भूक्तानी पूर्जा क्रमसंख्या ............. देखि ................ सम्म थान ........ यसैसाथ संलग्न गरी पठाइएको छ । साथै आवेदकले माथी निवेदन गरे बमोजिमको बाँकी रु. ..................।- रकमको नयाँ बचतपत्र निजको नाममा बनाई पठाई दिनु हुन अनुरोध गर्दछु ।

नत्थी: १) ऋणपत्र थान ...........
२) ऐ. को व्याज भूक्तानी पूर्जा थान ........
३) नामसारी दस्तूर रु.१।- को टिकट
४) आवेदकको नागरिकता वा अन्य परिचयको श्रोतको प्रतिलिपि

नाम:
दस्तखत:

मिति:

कम्पनीको छाप:

अनूसुची–३

मिति: २०    /    /

## ऋणपत्र बिक्री सम्बन्धी कबूलियतनामा

लिखितम............................................................................................................आगे

.......................................बस्ने म ....................................................................................

...................................................को मेरो नाममा रहेको एकलौटी हक भोग रु. ................ (अक्षरेपी रुपैयाँ .................................................................................... मात्र) को नेपाल सरकारको ................... प्रतिशत राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र विकास ऋणपत्र स्टक/प्रमिशरी नोट................ क्रमसंख्या ................ को साँवा र हिजोको मितिसम्मको व्याज लिई त्यस .............. कम्पनी लिमिटेडको नाममा आजकै मितिदेखि हक भोग छाडी बिक्री गरी दिएको छु । उक्त बचतपत्र नामसारी गराई भोग चलन गर्नू होला । कथम्कदाचित उक्त बचतपत्र नामसारी हून नसके वा पछि कूनै व्यहोराले कच्चा ठहरेमा त्यस वापतको रकम मेरा घर घरानावाट असूल उपर गरी लिनू होला भनी मेरो मन्जूरीले यो कबूलियतनामा गरी दिएको छु ।

ईति सम्वत् २०      साल .................... महिना .................. गते रोज ................

शूभम् ।

बिक्री गर्ने:

नाम:

दस्तखत:

ठेगाना:

संस्था भएमा संस्थाको छाप:

अनूसुची -४

मिति: २०　　/　　/

(संस्थाको नाम)
( ठेगाना )

विषय: ऋणपत्र खरीद सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा निवेदन छ कि ................................ अञ्चल ........................ जिल्ला .......................... गा.वि.स./न.पा./का.म.न.पा. वडा नं. ............... बस्ने वर्ष ............ को ..................................... को नाती/नातिनी ................................... को छोरा/छोरी म/हामी ........................................................ ले त्यस संस्था मार्फत बिक्री वितरण हुने २० ..... को व्याजदर ........................ को नेपाल सरकारबाट निष्कासित राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र/बिकास ऋणपत्र खरीद गर्न ईच्छा भएकोले खरीद गर्न पाउन स्विकृतीको लागि यो निवेदन पेश गरेको छु/छौं । उपरोक्त बमोजिम ऋणपत्र दिलाई पाउन अनुरोध छ । साथै यसै निवेदनका साथ नागरिकता प्रमाणपत्रको फोटोकपी/परिचयको श्रोतको फोटोकपी पेश गरेको छु/गरेका छौं ।

निवेदकको दस्तखत:

नाम:

ठेगाना:

टेलिफोन:

नागरिकता नं.

जिल्ला:

संस्था भएमा संस्थाको छाप:

## अनूसुची - ५

मिति: २० / /

(बजार निर्माताले बिक्री गर्दा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

विषय: ऋणपत्र खरीद गर्ने बारे ।

महाशय,

........................ कम्पनी लिमिटेडको स्वामित्वमा रहेको रु............... को .......... प्रतिशत राष्ट्रिय बचतपत्र/ नागरिक बचतपत्र/ विकास ऋणपत्र २०...... हिजोका मितिसम्मको व्याज समेत बूझाई मैले/हामीले खरीद गरेको हूँदा उक्त बचतपत्र एकीकरण गरी निम्नानूसार मेरो/हाम्रो नाममा नामसारी निष्कासन गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

| बचतपत्रको किसिम | दर | थान | रकम |
|---|---|---|---|

भवदीय:

दस्तखत:
नाम:
ठेगाना:
संस्थाभएमा संस्थाको छाप:

नागरिकता नं. ..............
जिल्ला..........................
टेलिफोन नं. ................

..........................................................................................................................

प.सं.
च.नं.

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

उपरोक्त अनूसार रु. ..................... (अक्षरेपी रुपैयाँ ........................................ ..............................) को राष्ट्रिय बचतपत्र/ नागरिक बचतपत्र/ विकास ऋणपत्र ................................ यस वित्त कम्पनीले मिति ....................... मा .................... वस्ने श्री ...................................... लाई त्यस बैंक स्थित यस वित्त कम्पनीको विशेष खाताको मौज्दातबाट बिक्री गरेको हुँदा उक्त मितिदेखि उपरोक्त रकमको बचतपत्र निजको नाममा नामसारी निष्कासन गरी पठाई दिनु हुन अनुरोध गर्दछौं ।

नत्थी: १) नागरिकता वा परिचयको अन्य श्रोतको प्रतिलिपि

| | |
|---|---|
| नाम: | नाम: |
| दस्तखत: | दस्तखत: |

(यस बैंकमा रहेको नमुना
अनुसार दस्तखत हुनु पर्ने)

मिति: कम्पनी छाप:

## अनूसुची - ६(क)

...........................

...................

पत्रसंख्या: मिति: २० / /

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली
काठमाडौं ।

महाशय,

आज मिति .......................... का दिन .................................................. ले खरीद/बिक्री गरिएको बचतपत्रहरुको कारोवारको विवरण तथा .................................. को स्वामित्वमा रहेको मौज्दात विवरण निम्न बमोजिम भएको व्यहोरा अनूरोध गर्दछू ।

| सि.नं. | ऋणपत्रको नाम | अघिल्लो मौज्दात (रु.) | खरीद (रु.) | बिक्री (रु.) | आजको बाँकी मौज्दात (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

भवदीय,

| तयार पार्ने | चेक गर्ने | अधिकृत |
|---|---|---|

## अनूसुची - ६(ख)

...........................

...................

पत्रसंख्या: मिति: २० / /

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली
काठमाडौं ।

महाशय,

यस...................................... ले कारोवार गरेको................साल............. मसान्तको ऋणपत्रहरुको मौज्दात विवरण देहाय बमोजिम भएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं. | ऋणपत्रको नाम | ब्याज दर | गत महिनाको मौज्दात (रु.) | खरीद रु. (रु.) | बिक्री (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

भवदीय,

तयार पार्ने चेक गर्ने अधिकृत

## ऋणपत्र खरीद गर्दा अपनाउनु पर्ने प्रक्रिया

१. बचतपत्र खरीद गर्न आउने व्यक्तिबाट अनूसुची-५ बमोजिमको दरखास्त फाराम भराई नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा छविचित्र लिने ।

२. लिनू पर्ने रकम गणना गर्ने तरीका:-

(क) राष्ट्रिय/नागरिक बचतपत्रको अंकित रकम रु.

............... थान दर रु.................. ले रु.....................
............... थान दर रु.................. ले रु.....................
रु.......................

(ख) खरीद गरेको अघिल्लो दिन सम्मको जम्मा दिन ...... को व्याज
(वर्षको ३६० र महिनाको ३० दिनको हिसावले) रु.......................

(ग) कमिशन रु. ................. मा .......... % ले रु.......................

---

जम्मा रु.......................

---

३. आयकर लाग्ने भएमा २(ख) मा उल्लेखित ब्याज रकमको.........% ले फिर्ता गर्नु पर्ने जम्मा
रु...............................

---

जम्मा लिनु पर्ने (२-३) रु.......................

---

(अक्षरेपी ............................................................................................... )

४. नामसारी प्रक्रिया:- उपरोक्त बिक्री गरिएको बचतपत्र निजको नाममा नामसारीको लागि निवेदन साथ नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, सिंहमहल, थापाथलीमा पठाउनु पर्नेछ तथा सो प्राप्त भई आएपछि बचतकर्तालाई बुझाउनु पर्नेछ ।

## ऋणपत्र बेच्न आउँदा अपनाउनु पर्ने प्रक्रिया

१. ऋणपत्र बेच्न आउने व्यक्ति सो को सही धनी हो भन्ने यकिन गरी मात्र बचतपत्र खरीद गर्नू पर्नेछ । बचतपत्रको धनीको दस्तखत वा दरपीठ गरी दरपीठ गरी बिक्री भैसकेको भए नयाँ ऋणपत्र धनीको दस्तखतको साथै पछाडीको भागमा यस बैंकबाट दस्तखत प्रमाणित भएको र नागरिकताको प्रमाणपत्र वा अन्य परिचयको श्रोतमा भएको निजको दस्तखतसँग भिडाई धनी यकीन गर्नू पर्दछ । कूनै व्यक्तिको बारेमा कूनै प्रकारको शङ्का भएमा सो सम्बन्धमा कारण देखाई नेपाल राष्ट्र बैक, राष्ट्र ऋण व्यवस्थापन विभागमा सम्पर्क राख्न पठाउनू पर्दछ ।

२. बेच्ने व्यक्तिबाट दरखास्त र कबूलियतनामाको रीतपुर्वकको दूई प्रति दरखास्तका साथ सक्कल ऋणपत्र तथा नागरिकता वा अन्य परिचयको स्रोतको प्रतिलिपि वा छविचित्र लिनू पर्नेछ ।

३. बेच्न आउने अघिल्लो दिनसम्मको व्याज तथा निजबाट कमिशन दस्तूरको गणना निम्नानूसार गर्नू पर्दछः-

(क) विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्रको अंकित जम्मा रकम रु.

................ थान दर रु.................... ले रु.......................
................ थान दर रु.................... ले रु....................... रु.......................

(ख) अन्तिम व्याज भूक्तानी पाउनू पर्ने मिति र बेच्ने दिनभन्दा
अघिल्लो दिनसम्मको मितिको गणना गर्दा बेच्ने व्यक्तिले
पाउनू पर्ने व्याज ...... % ले साँवा रु...................मा
दिन ...... को
(महिनाको ३० दिन र वर्षको ३६० दिनको हिसावले हूने रकम) रु.....................

(अ) पाउने जम्मा रु.....................

कट्टी गर्नु पर्ने
(ग) नेपाल राष्ट्र बैकलाई बुझाउनु पर्ने नामसारी दस्तुर रु.१।-को टिकट
(घ) लिनु पर्ने कमिशन रु. ............... मा ......... % ले रु........................
(ङ) अग्रिम आयकर (......................... %ले)
(बेच्ने दिनको अघिल्लो दिनसम्म पाउने व्याज बापतको रकमबाट) रु........................
(च) कट्टा गरिएको आयकर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(आ) जम्मा कट्टि रकम
रु.......................
(अ)- (आ) कूल भूक्तानी दिनू पर्ने रु.......................

(अक्षरेपी रुपैयाँ ................................................................. )

४. उपरोक्त प्रकृयाबाट खरीद भएको बचतपत्र र सोको व्याज भूक्तानी पूर्जा नेपाल राष्ट्र बैंकमा आफ्नो विशेष खातामा राख्न निवेदन फराम दस्तखत गरी पठाउनू पर्दछ ।
५. उपरोक्तानूसार गणनाको आधारमा निजलाई नगद वा चेकबाट भुक्तानी दिनु पर्दछ ।

______________ ______________ ______________
तयार पार्ने चेक गर्ने अधिकृत